## मिति २०७९/०३/१३ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ९४

**बैठकका प्रस्तावहरु :**

१. सर्शत तर्फको कार्यक्रम स्वीकृत गर्ने ।
२. विनियोजन विधेयकमा छलफल गर्ने ।
३. भू-उपयोग परिषद सम्बन्धी
४. कर्मचारी, शिक्षक प्रोत्साहन तथा सुविधा सम्बन्धमा ।
५. समसामायिक विविध ।

**निर्णयहरु**

१. आ.व. २०७८/०७९ को लागि सशर्त तर्फ थप भइ आएको अख्तियारी बमोजिमको कार्यक्रम स्वीकृत गर्ने ।

२. वडाहरुबाट सिलिङ्ग बमोजिम आएका योजनाहरु तथा विषयगत शाखा तथा नगरस्तरीय कार्यक्रम तथा योजनाहरुलाई योजना तर्जुमा समितिबाट पेश भएको विनियोजन विधेयक २०७९ स्वीकृतार्थ नगरसभामा सिफारिस साथ पेश गर्ने ।

३. नेपाल सरकारले भूउपयोग नियमावली २०७९ जारी गरी नेपाल राजपत्रमा समेत प्रकाशित गरेको हुँदा यस नगरपालिका भित्रका जग्गाहरुमा कित्ताकाट गर्नु पूर्व स्थानीय भु-उपयोग परिषदले प्रत्येक कित्ता जग्गा कृषि क्षेत्र हो वा आवासीय जग्गा हो भनी निर्णय गरेर मालपोत नापीमा पठाउनु पर्ने हुँदा आ-आफ्नो वडा भित्रका कुन जग्गा कृषि योग्य तथा कुन जग्गा आवासीय हो स्थलगत अध्ययन गरी तत् तत् वडाले विवरण संकलन गर्ने ।

४. बढदो महंगी तथा नेपाल सरकारले गरेको तलब बृद्धिलाई समेत ध्यानमा राखेर नगरपालिकाको स्रोतबाट तलब भत्ता खाने देहायका पदको लागि देहाय बमोजिम मासिक तलब कायम गर्ने ।

(क) वडा कार्यालय तथा न.पा. मा कार्यरत सामाजिक परिचालक कार्यालय सहायक तथा आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य क्लिनिक र तिलौराकोट स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व. तथा अ.न.मी. कर्मचारीका लागि मासिक रु. २३,०००/- तथा हे.अ. का लागि मासिक रु. २४०००/-

(ख) नगरपालिका तथा वडा कार्यालयमा कार्यरत श्रेणी विहिन कर्मचारी कार्यालय सहयोगी, विधुत हेल्पर, कुचिकार तथा माली कर्मचारीको लागि मासिक रु. २०,०००/- तथा हलुका सवारी चालकको लागि मासिक रु. २२,०००/-

(ग) आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य क्लिनिक तथा तिलौराकोट स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी/स्वीपर, पाले कर्मचारीको लागि मासिक रु. १६,०००/-

(घ) नगरपालिकाको अनुदानमा कार्यरत स्वयम् सेवक शिक्षक प्रा.वि.तह रु. १६,०००/- नि.मा.वि. तह रु. १७,०००/- तथा मा.वि. तह रु. १९,०००/- तथा शिक्षण सिकाइ अनुदान शिक्षकहरु रु. १६,०००/- साथै पोषाक खर्च वार्षिक रु. ५०००/-

(ङ) नगरपालिकाको तर्फबाट समेत मासिक थप तलब पाइरहेका विद्यालय कर्मचारी लेखाको हकमा न.पा. को तर्फबाट मासिक रु. १२,५००/-

(च) नगरपालिकाको कन्टिजेन्सीबाट तलबभुक्तानीहुने सत्यम बर्मा, शिरिष श्रीवास्तव र अब्दुल कलाम शेषलाई नेपाल सरकारको तलब स्केल बमोजिमको मासिक रकम ।

निर्णय प्रमाणित

७. सूचना प्रविधि अधिकृत तथा एम.आई.एस. अपरेटरको नपुग रकम नगरपालिकाको लागत सहभागिताबाट व्यवस्थापन गर्ने साथै एक गाउँ एक कृषि प्राविधिकको लागि नगरपालिका तर्फबाट एकमुष्ठ रु. ६,००,०००/- बजेट विनियोजन गर्ने ।

## समसामायिक विविध निर्णयहरु

८. वडा नं. ८ कार्यालयको मिति २०७९/०३/०५ च.नं. १३९६ को पत्रबाट सिफारिस भइ आएको स्थायी प्रहरी पोष्ट, दोहनीको लागि वडा कार्यालय छेउमा रहेको पोखरीको उत्तरपट्टी रहेको दोहनी १ (क) कि.नं. ८३ को ऐलानी जग्गाको क्षेत्रफल १-६-३ मध्येबाट नम्वरी जग्गाको दक्षिण, पोखरीको उत्तर पूर्व तर्फबाट २ कट्ठा क्षेत्रफल जग्गा उक्त स्थायी प्रहरी पोष्टको लागि उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

९. सबै वडामा सडक बत्ती व्यवस्थापन गर्न हाल उपलब्ध विधुत हेल्परबाट सहज नभएकोले दुई वडामा एक विधुत हेल्पर रहने गरी वडाको लागि दुई जना र नगरपालिकामा रहने गरि एक जना विधुत हेल्परको पद आवश्यक भएको हुँदा ओ. एण्ड एम. नहुँदा सम्मको लागि थप ३ जना नियुक्त गरि कामकाज गराउने ।

१०. यस नगरपालिकामा दिनादिनशहरी क्षेत्रमा वृद्धि भइ रहेको, न्यायीक समितिको निर्णय कार्यन्वयन गर्न, सार्वजनिक सम्पत्ती संरक्षण गर्न तथा बजार व्यवस्थापन गर्न नगर प्रहरीको संख्याको अपुग देखिएकोले ओ.एण्ड एम. भए पछि सोही अनुसार हुने गरी हाललाई थप १० जना नगर प्रहरी नियुक्त गर्ने ।

११. कार्यालयमा मौजुदा दुईवटा सवारी साधन मध्ये बोलेरो गाडी निकै पुरानो भइ काममा आउन नसकेको, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा अनुगमनमा जाने कर्मचारीको लागि सवारी साधन नभएको हुँदा अन्य व्यवस्था नहुँदा सम्मको लागि एउटा स्कार्पियो गाडी भाडामा लिने साथै नगर प्रमुखको लागि एक जना हलुका सवारी चालक नियुक्त गर्ने ।

१२. प्रत्येक वडा कार्यालयमा रातीको समयमा पालो पहराको लागि मासिक रु. ७,०००/- सुविधा दिने गरी चौकीदार नभएको वडामा चौकीदार नियुक्त गर्ने ।

१३. नेपाल पत्रकार महासंघ शाखा कपिलवस्तुको सिफारिस बमोजिम पत्रकार श्री नारद कोहारलाई यस वर्षको उत्कृष्ट पत्रकारिता पुरस्कार प्रदान गर्ने तथा पुरस्कार राशि रु. २०,०००/- कायम गर्ने ।

१४. क.व.न.पा. ८ स्थित बेलौहा शिव मन्दिर संरक्षण समितिलाई जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा दर्ता गर्ने प्रयोजनका लागि सिफारिस दिने

१५. यस कार्यालयमा २४सै घण्टा डिउटी गरेर बस्नु पर्ने कर्मचारीको राशन भत्तामा मासिक रु. १,०००/- का दरले वृद्धि गर्ने ।

निर्णय प्रमाणित

२०७९।३।१३

प्रमुख प्रशासकीय अधिकृत